खण्ड ६ भागेश्वर, माघ १० गते, २०७९ साल (संख्या १०)

# भागेश्वर गाउँपलिका

# स्थानीय राजपत्र

## भाग-१

## खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धी ऐन, २०७९

**राजपत्रमा प्रकाशित मिति : २०७९।१०।१०**

**प्रस्तावनाः**

स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति लगायतका सबै सेवा प्रदायकका माध्यमबाट सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा ५७ (४) मा भएको व्यवस्था र धारा २२६ बमोजिम यस भागेश्वर गाउँपालिकाको ११ औ गाउँ सभाले यो ऐन पेश गरेको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम भागेश्वर गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०७९" रहेको छ

(२) राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमतिपत्र" भन्नाले दफा ३८ बमोजिमको अनुमतिपत्र सम्झनु पर्दछ ।

(क) "अनुमतिपत्र प्राप्त समिति" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने संगठित समिति सम्झनु पर्दछ ।

(ग) "आयोजना" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्दछ ।

(घ) "उपभोक्ता"भन्नाले खानेपानी तथा सरसफाइ सेवा उपयोग गने व्यक्ति, समिति वा निकाय सम्झनु पर्दछ ।

(ङ) "उपभोक्ता समिति" भन्नाले सामुदायिक रुपमा सामुहिक हितका लागि खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्ने सामुदायिक समिति सम्झनु पर्दछ ।

(च) "खानेपानी तथा सरसफाइ उपभोक्ता समिति" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपयोग गर्ने उपभोक्ता घरधुरी सदस्यहरुले उपभोक्ता समितिको रुपमा रहेको सामुदायिक समितिको विधान बमोजिम साधारण सभा वा अधिवेशनबाट गठन हुने समितिलाई जनाउँदछ ।

(छ) "खानेपानी सेवा" भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, समितिगत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनु पर्दछ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रुपमा खानेपानी उपलव्ध गराउने कार्यलाई समेत जनाउँ छ ।

(ज) "खानेपानीको सार्वजनिक उपयोग" भन्नाले सार्वजनिक रुपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोगलाई समेत जनाउँछ ।

(झ) "खानेपानीको समितिगत उपयोग" भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक समितिहरुले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले औद्योगिक समितिहरुले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउँछ

(ञ) "गुणस्तरीय खानेपानी" भन्नाले स्वास्थ्यमा हानी नपुर्याउने गुणस्तरीय अथवा सुरक्षित पानीलाई गुणस्तरीय खानेपानी सम्झनु पर्दछ ।

(ट) "घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्याक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्दछ ।

(ठ) "ढल निकास " भन्नाले मानव मलमूत्र सहित वा रहित फोहोरपानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्दछ ।

(ड)"तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ढ)"पानीको स्रोत" भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा, न्वालो तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ।

(ण)"फोहोर पानी" भन्नाले खानेपानीको घरेलु, सार्वजनिक तथा समितिगत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र सहित वा रहितको फोहोरपानी सम्झनु पर्दछ र सो शब्दले फोहोर पानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउँछ ।

(त)"सरसफाइ सेवा" भन्नाले फोहोर पानी व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्दछ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली,ठोस फोहोर व्यवस्थापन, घरयासी तथा समितिगत शौचालय निर्माण, फोहोर पानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्यलाई समेत जनाउँदछ ।

(थ)"संगठित समिति" भन्नाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई जनाउँदछ र सो शब्दले प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य समिति वा सेवा प्रदायक संस्था समेतलाई जनाउँछ ।

(द) "सेवा प्रणाली" भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन सं यन्त्र, जल भण्डारण संरचना,जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्दछ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ ।

(ध) "सेवा प्रदायक संस्था" भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा, सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी, सरसफाइ तथा स्वछता सेवा उपलब्ध गराउने उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त समिति सम्झनु पर्दछ ।

(न) "सेवा क्षेत्र" भन्नाले उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त समितिले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमतिपत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनु पर्दछ ।

(प) "ठूला संरचना" भन्नाले खानेपानी तथा सरसफाई उपभोक्ता समितिमा निर्माण हुने वा भएका संरचनाहरु जस्तैः ओभरहेड टैंक, प्रशासनिक भवनलाई सम्झनुपर्दछ ।

## परिच्छेद - २

## खानेपानी तथा सरसफाइको अधिकार र स्रोत सम्बन्धी व्यवस्था

**३. खानेपानी तथा सरसफाइमा पहुँचको अधिकारः**

(१) यस गाउँपालिकामा रहेका प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार हुनेछ र यस ऐन तथा प्रचलित कानून बमोजिम त्यस्तो अधिकारको सम्मान,संरक्षण, सम्बर्द्धन र परिपूर्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत गाउँपालिकाका प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ :

(क) उपभोक्ता समिति स्थापना गर्ने अधिकार,

(ख) स्वच्छ खानेपानीमा सहज र सुलभ पहुँचको अधिकार,

(ग) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(घ) गुणस्तरीय सरसफाइमा सहज र सुलभ रुपमा पहुँचको अधिकार ।

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी गाउँपालिका र सम्बन्धित उपभोक्ता समितिको हुनेछ र यसका लागि गाउँपालिका र सम्बन्धित उपभोक्ता समितिले नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक सहयोग प्राप्त गर्न सक्नेछन् ।

**४.खानेपानीको स्रोतमा अधिकारः** (१) गाउँपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानी र घरेलु उपयोगलाई पहिलो प्राथमिकता दिईनेछ ।

(२) उपदफा (१) बमोजिमको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र अन्य जलस्रोतको उपयोगसँग सम्बन्धित प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।

(३) परम्परागत रुपमा घरेलु, सार्वजनिक र समितिगत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता समिति, समुदाय वा व्यक्तिको अधिकार सुरक्षित रहनेछ ।

(४) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा सम्बन्धित उपभोक्ता समितिको सहमति लिनु पर्नेछ ।

(५) कुनै विकास परियोजना वा आयोजनाका कारण उपभोक्ता समितिद्धारा सञ्चालित वा परम्परागत रुपमा सञ्चालित खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले प्रभावित उपभोक्ता समितिलाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार गर्नु पर्नेछ ।

(६) अनुमतिपत्र दिने निकायले गाउँपालिकामा रहेको खानेपानीका स्रोतबाट खानेपानी संकलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्न कुनै समिति वा व्यवसायलाई अनुमतिपत्र दिनुपूर्व गाउँपालिका र सम्बन्धित समुदायको सहमति लिनु पर्नेछ।

**५. पानीको स्रोत तथा मुहानको संरक्षणः** (१) खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्नु सबै नागरिक, संघ समिति र निकायको कर्तव्य हुनेछ ।

(२) खानेपानीको स्रोत तथा मुहान संरक्षणका लागि देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ :

(क) पानीको स्रोतको संरक्षणको लागि बाढी, पहिरोको नियन्त्रण गर्ने

(ख) पानीको स्रोतलाई प्रदुषित हुन नदिन आवश्यक प्रबन्ध गर्ने र स्रोतहरुलाई नष्ट वा लोप हुनबाट बचाउने,

(ग) पानीको मूल वा मुहानलाई दिगो बनाई राख्न उपयुक्त विभिन्न उपायहरू अवलम्बन गर्ने तथा तिनको उचित मर्मत सम्भार नियमित रूपमा गर्ने गराउने,

(घ) पानीको संरक्षण, सम्वर्द्धन र समुचित उपयोग सम्बन्धमा उपभोक्ता, सेवाप्रदायक वा सम्बद्ध पक्षहरुको लागि सचेतना वा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,

(ङ) पानीको स्रोत प्रदूषण हुन नदिनका लागि पानीको मूल वा वहाव क्षेत्रमा संरक्षण गर्न प्रोत्साहित गर्ने,

(च) खानेपानी योजनामा पानी सुरक्षा योजना लागु गर्ने,

(छ) पानीको स्रोत प्रदूषण हुन नदिन खेतीपातीमा रासायनिक मल प्रयोग गर्दा पानीको स्रोतको ख्याल गर्ने,

(ज) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

(३) खानेपानीको स्रोत संरक्षणका लागि गाउँपालिकाले सम्बन्धित पक्षसँग समन्वय गरी आवश्यक सहयोग गर्नेछ । (स्पष्टीकरणः सम्बन्धित पक्ष भन्नाले लाभान्वीत समिति वा समुदाय, उपभोक्ता समिति, मुहान बिद्यमान रहेको समुदाय, अन्य निकायलाई बुझाउनेछ ।)

**६. खानेपानी तथा सरसफाइको पहुँच पुगेको मानिनेः** (१) देहायको अवस्थामा खानेपानीको पहुँच पुगेको मानिनेछ ।

(क) धारा सम्म पुग्न पार गर्नु पर्ने तेर्सो र ठाडो दुरी क्रमशः १५० मिटर र ५० मिटर भन्दा बढी नहुने वा सबै परिवारहरु १५ मिनेट सम्मको आतेजाते दुरी भित्र पानी ल्याउन सक्षम हुनु पर्ने ।

(ख) सबैको निम्ति सुरक्षित र किफायती वा बेहोर्न सकिने खानेपानीको सर्वव्यापी र समतामूलक पहुँच भएको हुनुपर्ने ।

(२) उपदफा (१) को अवस्थालाई न्यूनतम् मापदण्डको रुपमा लिई गाउँपालिकाले एक घर एक धारा प्रणालीलाई अवलम्बन गर्दै जानेछ र खानेपानी सेवाको सुनिश्चिता गर्ने दायित्व गाउँपालिकाको हुनेछ ।

(३) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइका राष्ट्रिय मापदण्डको अधिनमा रहि गाउँपालिकाले स्थानीय सूचकहरु तोक्न सक्नेछ

**७. सुरक्षित खानेपानी युक्त समुदाय घोषणाः**

(१) देहायको समुदायलाई सुरक्षित खानेपानी युक्त समुदाय घोषणा गर्न सकिनेछ ।

(क) खुला दिसा मुक्त घोषणा भई खुला दिसा मुक्त कायम रहेको अवस्था,

(ख) दफा ६ बमोजिमको न्यूनतम् राष्ट्रिय मापदण्ड पुरा गरेको,

(ग) पाईप प्रणालीको धाराबाट जुनसुकै बेला स्वच्छ र सुरक्षित (विशेष गरी मानव स्वास्थ्यसंग प्रत्यक्ष सम्बन्ध राख्ने इ–कोली र आर्सेनिक र फ्लोरिन जस्ता रसायनहरुका सघन राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसार भएको) खानेपानीको सुविधा प्राप्त गरेको,

(घ) पाइप प्रणाली नभएको अवस्थामा संरक्षित पानीका स्रोत (न्वालो इनार, कुवा, खोला,आदि) बाट प्राप्त पानीलाई घरायसी प्रविधिबाट शुद्धीकरण गरी गुणस्तर युक्त पानी उपभोग गर्ने गरेको,

(२) सुरक्षित खानेपानी युक्त समुदाय घोषणा गर्नका लागि कार्यपालिकाले मापदण्ड, कार्यबिधि तथा अनुगमन निर्देशिका बनाई कार्यान्वयन गर्न सक्नेछ ।

**८.शौचालय निर्माण गर्नु पर्नेः** (१) गाउँपालिकाका सबै घर परिवार, संघ समिति, व्यवसायीहरुले अनिवार्य शौचालयको निर्माण गरी प्रयोगमा ल्याउनुपर्नेछ ।

(२) गाउँका सार्वजनिक स्थलमा शौचालयको निर्माण गर्ने दायित्व स्थानीय समुदाय र गाउँपालिकाको हुनेछ । यस्ता सार्वजनिक स्थलमा शौचालय निर्माण गर्नु पूर्व त्यसको संचालन कार्यबिधि तयार गर्नु पर्नेछ ।

(३) गाउँका सबै बिद्यालयमा देहाय बमोजिम शौचालय सुबिधाको व्यवस्थापन गर्नु पर्नेछ ।

(क) १०० जना बिद्यार्थी बरावर एक शौचालयको उपलब्धता ।

(ख) छात्र छात्राका लागि अलग शौचालय।

(ग) शौचालयमा साबुन पानीको व्यवस्था ।

(घ) छात्राको शौचालयमा स्यानीटरी प्याड बिसर्जन ट्यांक जडान गरिएको।

(३) खुला दिसा मुक्त समुदायको दिगोपनाका लागि गाउँपालिकाले थप नीतिगत व्यवस्था गरी कार्यन्वयनमा ल्याउन सक्नेछ ।

## परिच्छेद - ३

## समितिगत संरचना र काम कर्तव्य अधिकार

**९.गाउँ स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति** : (१) गाउँपालिकामा देहाय बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ,

(क) गाउँपालिका प्रमुख –अध्यक्ष

(ख) पूर्वाधार शाखाको शाखा प्रमुख –सदस्य

(ग) गा पा अन्तर्गत खानेपानी तथा सरसफाइ उपभोक्ता समितिबाट १ जना –सदस्य

(घ) खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत एक जना महिला प्रतिनिधि –सदस्य

(ङ) गाउँपालिकाको खानेपानी तथा सरसफाई हेर्ने शाखा प्रमुख –सदस्य सचिव

(२) समितिको बैठकमा खानेपानी तथा सरसफाइ विषयका विज्ञ र सरोकारवाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमका प्रतिनिधिहरुको छनौट गाउँपालिका प्रमुखले गर्नेछन र निजहरुको कार्य अवधी दुई वर्षको हुनेछ ।

(४) गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको काम, कर्तव्य र अधिकार**ः गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिका काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम रहनेछन् ।

(क) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा गाउँपालिकालाई सुझाव दिने,

(ख) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समिक्षा गरी समयानुकल संशोधनका लागि सुझाव पेश गर्ने,

(ग) गाउँपालिकाको लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमहरुको मस्यौदा तयार गर्ने,

(घ) विभिन्न विकास साझेदारहरुसँग समन्वय गरी वास योजनाको कार्यान्वयमा योगदान गर्ने,

(ङ) खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) को प्रभावकारी योजना निर्माण, कार्यन्वयन र अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

(च) वास क्षेत्रको निर्णय प्रकृयामा सहजताको लागि गाउँपालिका क्षेत्रभित्र रहेका सबै खानेपानी तथा सरसफाइ योजनाहरुको वार्षिक रुपमा अद्यावधिक गर्ने प्रयोजन सहित गाउँपालिका स्तरीय वास सूचना प्रणाली स्थापना गर्ने,

(छ) खानेपानी तथा सरसफाइ योजनाहरुको न्यूनतम सञ्चालन तथा मर्मत सम्भार मापदण्ड निर्धारण गरी उपभोक्ता समितिहरुलाई पुरस्कार दिने पद्धति स्थापना गर्ने,

(ज) कार्यपालिकाले तोकेका अन्य कार्यहरु गर्ने ।

**११. वडा स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिः** (१) गाउँपालिकाले वडा स्तरमा वडा अध्यक्षको अध्यक्षतामा वडा समन्वय समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समन्वय समितिका सदस्य तथा पदाधिकारीहरु वडा समितिले तोके बमोजिम हुनेछन् ।

(३) वडा सचिबले समितिको सदस्य सचिबको रुपमा काम गर्नेछन् ।

(४) वडा खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. खानेपानी, सरसफाइ तथा स्वच्छता ईकाइ/शाखाको व्यवस्थाः** (१) गाउँपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिका निर्णयहरु कार्यान्वयन गर्ने इकाईको रुपमा काम गर्ने गरी एक वास इकाई वा शाखा स्थापना रहनेछ ।

(२) गाउँकार्यपालिकाको कार्यालयले एकजना स्थायी कर्मचारी इकाई प्रमुख हुने गरी कम्तिमा एकजना प्राविधिक तथा एकजना सामाजिक कर्मचारी सहितको वास इकाईमा वार्षिक कार्यक्रम तथा बजेट बमोजिम करार सेवामा वा स्थायी/अस्थायी कर्मचारीहरु रहनेछन् ।

**१३. गाउँपालिका वास शाखा/इकाईको भूमिका तथा जिम्मेवारीः** गाउँपालिका वास शाखा/ इकाईको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम रहनेछ ।

(क) बार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन, समितिगत सरसफाई लगायतका कार्यक्रमहरुको योजना तर्जुमा गर्ने, कार्यान्वयन गर्ने, समन्वय गर्ने तथा सेवा प्रदायकहरु, स्वयं सेवकहरु, वाल क्लवहरु, आमा समूहहरु तथा सञ्जालहरुले गर्ने कार्यको सहजीकरण, सुपरिवेक्षण तथा अनुगमन गर्ने।

(ख) गाउँपालिकाको वास क्षेत्रको सूचना प्रणाली स्थापित गरी अद्यावधिक राख्ने तथा आवश्यकता बमोजिम निर्णय प्रकृयामा सहजीकरणको लागि समितिलाई सही सूचना उपलव्ध गराउने।

(ग) उपभोक्ता समितिहरुको सञ्चालन अवस्था, वडा कार्यालयबाट प्राप्त प्रतिवेदनहरु संकलन गर्ने तथा सूचना प्रणाली अद्यावधिक गरी सो को प्रतिवेदन कार्ययोजना सहित समितिमा पेश गर्ने र प्रतिवेदन प्राप्त नभएका वडाहरुलाई ताकेता गरी प्रतिवेदन प्राप्त गर्ने।

(घ) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु गठन, पुनर्गठन, गाउँकार्यपालिकाको कार्यालयमा दर्ता तथा नवीकरण कार्यको लागि आवश्यक सहजीकरण गर्ने,

(ङ) सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने र उपभोक्ता समितिहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको मूल्यांकन गर्ने,

(च) सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाइ योजनाहरु छनौट गरी पुरस्कृत गर्न गाउँ कार्यपालिकामा पेश गर्ने, मूल्यांकनमा कमजोर अंक प्राप्त गर्ने उपभोक्ता समितिहरुलाई समिति पुनर्गठन, व्यवस्थापन तालिम तथा अन्य उपायहरु मार्फत सक्रिय बनाउन सहजीकरण गर्ने,

(छ) विद्यमान खानेपानी तथा सरसफाइ योजनाहरुको आवधिक रुपमा अनुगमन तथा मूल्यांकन गर्ने पद्धति स्थापना गर्ने,

(ज) वास क्षेत्रको वार्षिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(झ) आपतकालीन तथा ठूलो मर्मतको आवश्यकता अध्ययन गरी आर्थिक सहयोगको लागि समितिमा सिफारिस गर्ने,

(ञ) खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिले तोके बमोजिम खानेपानी तथा सरसफाइ योजनाहरुको दिगोपना व्यवस्थापन सम्बन्धि अन्य कृयाकलापहरु सहयोग तथा सञ्चालन गर्ने,

(ट) वास व्यवस्थापन समितिको प्रशासनिक तथा अन्य अभिलेखीकरण सहित समितिको सचिवालयको कार्य गर्ने ।

**१४. खानेपानी तथा सरसफाइ उपभोक्ता समिति दर्ता गर्न सक्ने** : (१) गाउँपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुहिक हित र सामुदायिक लाभका लागि समितिगत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी तथा सरसफाइ सेवा सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन गर्न सक्नेछन् ।

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन नभएका क्षेत्रमा गाउँपालिकाले उपभोक्ता समिति गठनका लागि आवश्यक सहयोग गर्न सक्नेछ ।

(३) प्रचलित कानून बमोजिम गाउँपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु गठन भएमा उपभोक्ता समितिको विधान सहित उपभोक्ता समिति दर्ताका लागि गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको विधान अनुसारको उपभोक्ता समिति दर्ता गर्न सामाजिक, आर्थिक र प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएमा खानेपानी तथा सरसफाई इकाई/शाखाको सिफारिसमा प्रमुख प्रशाकीय अधिकृतले विधान स्वीकृत गरी उपभोक्ता समिति दर्ताको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(५) यो ऐन लागु हुनुपूर्व प्रचलित कानून बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी तथा सरसफाई उपभोक्ता समिति/समूह/समितिहरु यो ऐन लागु भए पश्चात् यस गाउँपालिकामा आफ्नो साविक विधान, दर्ता प्रमाणपत्र, स्थायी लेखा नं . प्रमाणपत्र, गत आवको कर चुक्ता र अन्तिम लेखा परीक्षण प्रतिवेदन पेश गरी उपभोक्ता समिति व्यवासयीक रुपमा समिति दर्ता हुनु पर्नेछ । तर यस प्रयोजनका लागि नयाँ उपभोक्ता समिति दर्ता गर्नुपर्ने छैन ।

(६) गाउँपालिकामा व्यवसायिक रुपमा दर्ता भएका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भीत्रमा आफ्नो लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ।

**१५. उपभोक्ता समितिको कार्यसमिति** : (१) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको कार्यसमिति कम्तिमा सात र बढीमा २१ सदस्यीय हुनुपर्नेछ र कार्यसमिति गठन गर्दा सामाजिक समावेशीकरणलाई ध्यान दिनु पर्नेछ ।

(२) उपभोक्ता समितिको कार्यसमितिमा कम्तिमा ४० प्रतिशत महिला प्रतिनिधि हुनु पर्नेछ र अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक पदमा महिला पदाधिकारी हुनु पर्नेछ ।

(३) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको कार्यसमितिको कार्यकाल तीन वर्षको हुनेछ र कुनै पनि व्यक्तिले अध्यक्षको रुपमा क्रमशः दुई कार्यकालमात्र काम गर्न पाउने छ । तर यस प्रयोजनका लागि कुनै अध्यक्षको कार्यकाल क्रमशः नभएमा पुनः थप कार्यकाल अध्यक्षको रुपमा रहन सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै व्यवस्था भएता पनि ठूला संरचनाहरुको निर्माण भईरहेको अवस्थामा कुनै पदमा पुनः दोहोरिन बाधा पर्नेछैन ।

**१६. उपभोक्ता समितिको विधान** : उपभोक्ता समितिको विधानमा देहाय बमोजिमका व्यवस्थाहरु समावेश गर्नुपर्नेछ :

(क) उपभोक्ता समितिको नाम, ठेगाना, कार्यक्षेत्र र स्रोत

(ख) उपभोक्ता समितिको उद्देश्य र कार्यहरु

(ग) सदस्यता (सदस्य, सदस्यता शुल्क, सदस्यता नहरने आदि)

(घ) अधिवेशन र वार्षिक साधारण सभा तथा अधिवेशन र साधारण सभाका कार्यहरु

(ङ) कार्यसमितिको गठन र कार्यसमितिका काम, कर्तव्य र अधिकारहरु

(च) कार्यसमितिको बैठक र कार्यविधि

(छ) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारहरु

(ज) अविश्वासको प्रस्ताव

(झ) उपभोक्ता समितिको कोष, आर्थिक स्रोत तथा चल अचल सम्पत्ति व्यवस्थापन, लेखा परीक्षण

(ञ) निर्वाचन सम्बन्धी व्यवस्था

(ट) विविध (विधान संशोधन, समिति विघटन, विनियम बनाउन सक्ने व्यवस्था आदि)

## परिच्छेद - ४

## खानेपानी प्रणाली र गुणस्तर सम्बन्धी व्यवस्था

**१७. खानेपानी प्रणालीहरुको वर्गिकरणः**

(१) गाउँपालिकामा खानेपानी आपूर्ति प्रणालीलाई देहाय बमोजिम वर्गिकरण गरिनेछ ।

(क) सामुदायिक खानेपानी प्रणाली

(ख) व्यक्तिगत खानेपानी प्रणाली (एक घर एक धारा)

(२) गाउँपालिकाले सम्भव भए सम्म पाईप प्रणालीबाट खानेपानी प्रणालीलाई प्रवर्द्धन गर्नेछ ।

**१८. स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्ने** :यस ऐन बमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त समितिले खानेपानी आपूर्ति गर्दा स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेछ ।

**१९. गुणस्तर मापदण्ड तोक्न सक्ने** :(१) खानेपानी तथा सरसफाइको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन गर्नुपर्ने गुणस्तर मापदण्डहरु नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन् ।

(२) नेपाल सरकारले निर्धारण गरेको मापदण्डको अधीनमा रही सो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी यस गाउँपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्ने छ ।

**२०. खानेपानीको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्थाः** गाउँपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप हुनेगरी खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि वास शाखा वा इकाईको मातहतमा रहने गरी प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

**२१. खानेपानी गुणस्तर अनुगमन प्रणालीः** गाउँपालिकाको क्षेत्रमा खानेपानीको गुणस्तरलाई अनुगमन गर्ने कार्यबिधि कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद - ५

## खानेपानी महसुल र खानेपानी सेवाको व्यवस्थापन

**२२. खानेपानी तथा सरसफाइ महसुल निर्धारणः** (१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता समितिले उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल सम्बन्धित उपभोक्ता समितिको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपभोक्ता समितिले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर, उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहत हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, गाउँपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ ।

(३) दफा (१) र (२) मा जुनसुकै कुरा उल्लेख गरेको भएतापनि गाउँ सभाले निर्धारण गरेभन्दा बढी खानेपानी तथा सरसफाइ सेवाको महसुल लिन पाईने छैन ।

**२३. महसुल तथा शुल्क लिन पाउने** : (१) गाउँपालिकाले निर्धारण गरे भन्दा बढी दररेटमा महसुल तथा सेवा शुल्क लिन पाउने छैन।

(२) खानेपानी तथा सरसफाई उपभोक्ता समितिले आफ्नो सेवा क्षेत्रभित्र आफूले उपलब्ध गराएको समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन ।

(३) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि उपभोक्ता समिति वा सेवा प्रदायक संस्थाले सम्बन्धित वडा कार्यालयले विपन्न भनी पहिचान र सिफारिस गरेका व्यक्ति तथा परिवारलाई धारा र मिटर जडान, शौचालय निर्माण र ढल जडान वापतको शुल्क तथा खानेपानीको महसुल लगायतका सेवामा छुट तथा सहुलियत दिन सक्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि कम्तिमा २ रोपनी जग्गा आफ्नो वा परिवारको नाउँ मा रहेको वा परिवारको कुनै सदस्य नेपाल सरकारको संचित कोषबाट पारिश्रमिक वा लाभ लिने वा कम्तिमा मासिक १५ हजार वा वार्षिक २ लाख वरावरको आम्दानीको स्रोत भएको वा परिवारको कुनै सदस्य वैदेशिक रोजगारमा संलग्न भएको परिवार वा एकाघर परिवारको कुनै व्यक्तिको नाउँ मा कुनै व्यवसाय सञ्चालनमा रहेको घरपरिवारको व्यक्तिलाई विपन्न भनि सिफारिस गर्न पाईने छैन ।

**२४. मिनाहा वा छुट दिन सक्ने** : (१) खानेपानी सेवा प्रदायक संस्थाले अघिल्लो आर्थिक वर्ष उठाउँदै आएको राजस्वको दररेट भन्दा कम दररेट गाउँपालिकाले निर्धारण गरेको दररेट भन्दा कम हुनेगरी निर्धारण गर्न पाउनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै व्यवस्था भएता पनि प्रकोप वा अन्य कुनै विषम परिस्थितिका कारण कुनै खास क्षेत्रका उपभोक्ता, विपन्न परिवार वा सिमान्तकृत परिवार वा समितिको साधारण सभाले मिनाहा वा छुट दिनुपर्छ भनि निर्णय गरेको व्यक्ति वा संस्था मिनाहा वा छुट दिन बाधा पर्नेछैन ।

**२५. असुल उपर गर्न सक्ने** : यस ऐन बमोजिम खानेपानी सेवा तथा सरसफाइ सेवा उपयोग गरे बापतको महसुल तथा जरिबानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित सेवा प्रदायक संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ ।

**२६. खानेपानी सेवाको व्यवस्थापन**: (१) गाउँपालिकाले उपभोक्ता समिति मार्फत उपभोक्ताहरुलाई नियमित र न्यायोचित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम खानेपानी सेवा उपलब्ध गराउँदा घरेलु उपयोग र सार्वजनिक प्रयोगको लागि आवश्यक व्यवस्था गरेर मात्र व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि पानीको स्रोतको प्रयोग गर्नु पर्नेछ ।

(३) कुनै पनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा गाउँपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा तत्काल मर्मत सम्भार गरी खानेपानी आपूर्ति गर्नुपर्नेछ र मर्मत सम्भार अवधीमा खानेपानी आपूर्तिका लागि अस्थायी वा बैकल्पिक व्यवस्था गर्नुपर्नेछ ।

(४) खानेपानीमा सेवाको नियमित मर्मत सम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समितिको हुनेछ ।

(५) उपभोक्ता समितिबाट तत्काल मर्मत सम्भार गर्न नसक्ने मनासिव कारण देखाई उपभोक्ता समितिले गाउँपालिकामा मर्मत सम्भारका लागि अनुरोध गरेमा गाउँपालिकाबाट तत्काल प्राबिधिक टोली पठाई आवश्यक कार्य गर्न सक्नेछ ।

(६) खानेपानी सेवाको व्यवस्थापन सम्बन्धि अन्य कुरा कार्यबिधिमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ६

## पूर्वाधार निर्माण तथा मर्मत सम्भार सम्बन्धी व्यवस्था

**२७. पूर्वाधार निर्माणको वर्गिकरण**: (१) गाउँपालिकाका खानेपानी आयोजनालाई लाभान्वीत घरधुरीका आधारमा देहाय बमोजिम वर्गिकरण गर्नुपर्नेछ ।

(क) ठुला आयोजनाः ५०० घर परिवार भन्दा बढी लाभान्वीत हुने खानेपानी योजनालाई ठुला आयोजनामा बर्गिकरण गरिनेछ

(ख) मझौला आयोजनाः ५० देखि ५०० घर परिवार लाभान्वीत हुने आयोजनालाई मझौला आयोजनामा वर्गिकरण गरिनेछ ।

(ग) साना आयोजनाः ५० भन्दा कम घर परिवार लाभान्वित भएको आयोजनालाई साना तथा सामान्य आयोजनामा वर्गिकरण गरिनेछ

(२) उपदफा (१) बमोजिमका साना आयोजनाहरु निर्माणका लागि गाउँपालिका आफै र मझौला तथा ठूला आयोजनाको निर्माणका लागि बिस्तृत आयोजना प्रतिवेदन सहित संघ तथा प्रदेश सरकार र बिभिन्न विकास साझेदार निकायमा पेश गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जेसुकै लेखिएको भएता पनि साना आयोजना निर्माणका लागि संघ, प्रदेश सरकार र विकास साझेदार निकायमा पेस गर्न बाधा पर्नेछैन ।

**२८. समुदायको योगदान सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक खानेपानी आयोजना निर्माणमा स्थानीय समुदायले देहायका क्षेत्रमा कुल लागतको १० प्रतिशत जनश्रमदान गर्नुपर्नेछ ।

(क) गैर स्थानीय निर्माण समाग्री मोटर  नआउने स्थानवाट ढुवानी,

(ख) स्थानीय सामाग्री संकलन तथा ढुवानी

(ग) पाईपलाईन खनाई तथा पुर्ने

(घ) अन्य अदक्ष कामदार सरहको कार्य

(२) उपदफा (१) बमोजिम श्रमदान जुटाउनका लागि लाभान्वीत घर परिवारलाई श्रमको बिभाजन गरी श्रमदानका लागि परिचालन गर्नुपर्नेछ ।

(३) श्रमदान गर्न असक्षम व्यक्तिहरु (अपांगता भएका व्यक्ति, बालबालिका, बृद्धबृद्धाहरु, दिर्घरोगीहरु आदि) ले भने श्रमदान गर्न पर्नेछैन।

(४) उपदफा (३) बाहेकका व्यक्ति तथा परिवारले श्रमदान गर्न नसके मा सो बराबरको नगद रकम उपभोक्ता समितिलाई बुझाउनु पर्नेछ।

(५) व्यक्तिगत खानेपानी प्रणालीको हकमा मुख्य लाईनबाट घरको धारा सम्मको पाईपलाईन खनाई, १०० मिटर भन्दा बढी थप पाईप लाग्ने भए सो पाईप, मिटर तथा धारामा लाग्ने जि आई पाईप, टुटी लगाएतका सामाग्रीहरु सम्बन्धित घरधनीले नै व्यहोर्नु पर्नेछ

**२९. उपभोक्ता समितिको मर्मत सम्भार तथा व्यवस्थापन कोष रहने** : (१) उपभोक्ता समितिको एक कोष रहनेछ र उक्त कोषमा उपभोक्ता सदस्यता शुल्क, खानेपानी तथा सरसफाइ सेवा शुल्क, गाउँपालिका र विभिन्न निकाय तथा संघ, प्रदेश, संघ  संस्था वा समितिबाट प्राप्त रकम र कानून बमोजिम प्राप्त रकम जम्मा गर्नुपर्नेछ ।

(२) उपभोक्ता समितिले खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि गाउँपालिका र विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघ समितिसँग सहयोग प्राप्त गर्न सक्नेछन्।

## परिच्छेद - ७

## फोहरमैला व्यवस्थापन

**३०. फोहरमैला व्यवस्थापन गर्ने दायित्व** : (१) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व गाउँपालिकाको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरिदिन गाउँपालिकालाई अनुरोध गरेमा वा गाउँपालिकाले निर्माण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा गाउँपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

**३१. फोहरमैला संकलन केन्द्र तोक्ने** : गाउँपालिकाले फोहरमैलालाई व्यवस्थित रुपमा संकलन गर्न प्रत्येक टोल वा वस्तीमा संकलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रुपले उपयुक्त स्थान तोक्नेछ ।

(३) उपदफा (१) बमोजिमको संकलन केन्द्रमा फोहरमैला निष्काशन र संकलन गर्ने समय र तरिका गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) गाउँको सम्पूर्ण वडाहरुको फोहोर संकलन र प्रसोधन कार्यको लागि कुनै स्थान छनौट गरिसके पछि त्यसको प्रारम्भिक वातावरणीय परीक्षण नगरी प्रसोधन केन्द्र सञ्चालन गर्न पाईनेछैन । तर प्रारम्भिक वातावरणीय परीक्षण गरी फोहोर प्रसोधन केन्द्र सञ्चालन गर्न कसैले कुनै विरोध वा अवरोध गर्न पाईनेछैन ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रारम्भिक वातावरणीय परिक्षणको क्रममा गरिएको सार्वजनिक सुनुवाई वा कुनै समयमा फोहोरमैला ओसार पसारमा कुनै सुधारका कार्य गर्नुपर्छ भनि समुदायले भनेका कार्यहरु सुधार गर्नु, आवश्यक संरचना निर्माण गर्नु वा फोहोर व्यवस्थापन गर्ने क्रममा अपनाउनु पर्ने सावधानिहरु अपनाउनु गाउँपालिका वा फोहोर प्रसोधनको लागि जिम्मा लिएको संस्थाको कर्तव्य हुनेछ ।

(६) गाउँले सूचना गरेको सार्वजनिक सुनुवाईमा उपस्थित हुन सबै समुदायका नागरिकको कर्तव्य हुनेछ।

**३२. फोहरमैलाको ढुवानी** :(१) संकलन केन्द्रमा जम्मा भएको फोहरमैलालाई स्थानान्तरण केन्द्र वा फोहरमैला व्यवस्थापन स्थलसम्म ढुवानी गर्ने दायित्व गाउँपालिका वा गाउँपालिकाले व्यवस्था गरेको समिति वा संस्थाको हुनेछ ।

(२) फोहरमैला ढुवानी गर्दा तोकिए बमोजिमको ढुवानी साधन प्रयोग गर्नु पर्नेछ । ढुवानीको साधन तोक्दा तौल, क्षमता, तरिका वा विधि, सडकको क्षमता तथा फोहरमैला ढुवानी गर्दा वातावरणमा पर्न सक्ने प्रभाव समेतलाई विचार गरी तोक्नु पर्नेछ ।

(३) फोहरमैला ढुवानी सम्बन्धी कार्यबिधि गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**३३. फोहरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोग**ः गाउँपालिकाले फोहरमैला न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उद्योगको उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुनः प्रयोग गरी फोहरमैलाको परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग गाउँपालिकाले समन्वय गर्नेछ ।

**३४. फोहरमैला व्यवस्थापन स्थल** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र संकलन भएको फोहरमैलालाई व्यवस्थापन तथा स्थायी रुपमा विसर्जन गर्नको लागि वातावरण सम्बन्धी प्रचलित कानूनको अधीनमा रही फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम फोहरमैला व्यवस्थापन स्थल तोक्नको लागि गाउँपालिकाको जग्गा नभएमा वा जग्गा भए तापनि फोहरमैला व्यवस्थापन स्थल तोक्न उपयुक्त नभएमा उपयुक्त जग्गा भाडामा लिई वा खरिद गरी व्यवस्थापन स्थल तोक्न सक्नेछ।

**३५. सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिनेः** (१) गाउँपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवं गैरसरकारी संघ, समितिसँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक एवं गैरसरकारी संघ, समितिसँगको साझेदारीमा फोहरमैला न्यूनीकरणको लागि जनचेतना अभिवृद्धि, फोहरमैला संकलन, ढुवानी, फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चात् व्यवस्थापन, उद्यान निर्माण र सौन्दर्यीकरण जस्ता कार्य मात्र गर्न वा गराउन सकिनेछ ।

**३६. दिसाजन्य लेदो तथा अन्य फोहरको व्यवस्थापन** : (१) कसैले पनि नेपाल सरकारले निर्धारण गरेको मापदण्ड विपरित मानव मलमुत्र, दिसाजन्य लेदो सहित वा रहितको फोहोर पानी ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमुत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक जग्गामा मिसाउन वा पठाउन हुदैन ।

(२) उपदफा (१) बमोजिमको फोहर बिर्सजनका लागि अवलम्बन गरिने कार्यबिधि गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

३७. ढल निकास सेवा सञ्चालनः गाउँपालिकाका बजार क्षेत्रमा ढल निकासका लागि गाउँपालिकाले स्थानीय समुदायको परामर्शमा उचित प्रबन्ध गर्नेछ ।

## परिच्छेद - ८
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

**३८. अनुमति पत्र लिनुपर्ने** : (१) यस गाउँपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यावसायिक समितिले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा यस ऐन बमोजिम गाउँ कार्यपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक रुपमा सामुहिक प्रयोजनका लागि उपभोक्ता समितिले खानेपानी तथा सरसफाई आयोजनाको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता समितिद्धारा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न अनुमतिपत्र लिनुपर्ने छैन ।

(३) यस गाउँपालिकाको क्षेत्रभित्र वा क्षेत्रबाट उपदफा (१) बमोजिम व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आयोजना वा सेवा प्रणाली सञ्चालन गर्न चाहने व्यावसायिक किसिमका संगठित समितिले सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तथा गाउँपालिकाले तोकेको अन्य आवश्यक विवरण र अनुमतिपत्र दस्तुर समेत संलग्न गरी यस गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सो बमोजिमका कागजातहरु पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिनु पर्नेछ ।

**३९. अनुमति पत्र दिनुपर्ने** : (१) दफा ३८ बमोजिम परेको निवेदनमा गाउँपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानून बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदकलाई अनुमतिपत्र दिनु पर्नेछ ।

(२) उपदफा (२) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा बढीमा पाँच वर्षका लागि मात्र प्रदान गर्न सकिनेछ र सो अवधी पश्चात् गाउँपालिकाले तोकेको दस्तुर बुझाई बढीमा एक पटक मात्र अर्को पाँच वर्षका लागि अनुमतिपत्र नवीकरण गर्न सकिनेछ ।

(३) यो ऐन प्रारम्भ हुनु अगावै व्यवसायिक तथा औद्योगिक रुपमा खानेपानी उपयोग गरिरहेका संगठित समितिले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा यस ऐन तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनु पर्नेछ ।

(४) उपदफा (१) र (३) बमोजिम अनुमतिपत्र नलिएका संगठित समितिले व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चलन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको व्यवसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन ।

**४०. अनुमतिपत्र प्रदान नगरिने** : (१) यस ऐन वा प्रचलित कानून बमोजिम उपभोक्ता समितिद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान भइहेको क्षेत्रमा र व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न कुनै संगठित समितिलाई अनुमति प्रदान गरिएको क्षेत्रमा अर्को कुनैपनि संगठित समितिलाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा व्यवस्था गरिएको भएपनि अनुमपित्र प्राप्त समितिले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा वा नियमित रुपमा खानेपानी सेवा आपूर्ति नगरेमा वा माग अनुसारको खानेपानी सेवा आपूर्ति गर्न नसके मा वा कुनै कारणले त्यस्तो समिति विघटन भएमा वा अनुमतिपत्र प्राप्त समितिको अनुमतिपत्र खारेज भएमा उक्त क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि यस ऐनमा गरिएको व्यवस्था अनुसार अर्को समितिलाई नयाँ अनुमतिपत्र प्रदान गर्न सकिनेछ।

(३) उपभोक्ता समितिद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि प्रयोग भइरहेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्नेगरी व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिने छैन ।

**४१. अनुमतिपत्र खारेज** : (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त समितिले ऐन नियम विपरितको कुनै काम गरेमा वा नियमित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध नगराएमा वा खानेपानी तथा सरसफाइ सेवा प्रदान गरे वापत अनुमतिपत्रमा उल्लेख गरिए भन्दा बढी शुल्क लिएमा वा अनुमत्रिपत्रमा उल्लिखित समयभित्र खानेपानी आयोजना वा सेवा प्रणालीको निर्माण तथा सञ्चालन र व्यवस्थापन नगरेमा गाउँपालिकाको कार्यपालिकाले अनुमतिपत्रमा उल्लेखित काममा आवश्यक सुधार गरी सेवा सञ्चालन गर्नका लागि अनुमतिपत्र प्राप्त समितिलाई निर्देशन दिन सक्नेछ :

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन तथा आदेशको पालना नगरेमा गाउँपालिकाको कार्यपालिकाले यस ऐन बमोजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त समितिलाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद - ९

## बिबिध

**४२. कसुर र सजाय** :खानेपानी तथा सरसफाइसम्बन्धी कसुरको निर्धारण र दण्ड सजाय सम्बन्धी व्यवस्था खानेपानी तथा सरसफाइ सम्बन्धी संघीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**४३. सूचना अभिलेख प्रणाली**: (१) गाउँपालिका क्षेत्रको खानेपानी तथा सरसफाइ सम्बन्धि तथ्यांक अध्यावधीका लागि सूचना प्रबिधिको प्रयोग गर्न सक्नेछ ।

(२) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि तथ्यांक अध्यावधीका लागि एक सूचना अभिलेख प्रणालीको विकास गर्न सकिनेछ

**४४. योजना निर्माणः** गाउँपालिकाले उपभोक्ता समिति र सरोकारवाला निकाय तथा संघ संस्था हरु सँग परामर्श गरी नेपाल सरकारले निर्धारण गरेको नीति तथा मापदण्ड अनुसार आफनो क्षेत्रका लागि उपयुक्त हुने किसिमको खानेपानी तथा सरसफाइ योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

**४५.विवरण उपलब्ध गराउने** : (१) गाउँपालिकाले प्रदेशको सम्बन्धित मन्त्रालय मार्फत देहायको विवरणहरु सम्बन्धित संघीय मन्त्रालय समक्ष वार्षिक रुपमा उपलब्ध गराउनेछ :

(क) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता समितिहरुको संख्या र सोबाट लाभान्वीत जनसंख्या

(ख) अनुमतिपत्र प्रदान गरिएका संगठित समितिको संख्या र सोबाट लाभान्वीत जनसंख्या ।

(ग) नेपाल सरकार वा प्रदेश सरकारले माग गरेका अन्य विवरणहरु ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकामा खानेपानीको स्रोत र परिमाण, गुणस्तर, लाभान्वित क्षेत्र र खानेपानी तथा सरसफाइ प्रणालीका सम्पूर्ण विषयहरु प्रष्ट रुपमा देखिने गरी राखिनेछ र यस्ता विवरणहरु आवश्यकता अनुसार समय समयमा खानेपानी तथा सरसफाइसम्बन्धी विद्युतीय एकिकृत नक्शामा समावेश गर्नका लागि नेपाल सरकारलाई उपलब्ध गराउन सकिनेछ।

**४६. पुरस्कार सम्बन्धी व्यवस्थाः** खानेपानी तथा सरसफाइ व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ समिति वा समुदायलाई गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

**४७. निर्देशन दिन सक्ने** : गाउँपालिकाले उपभोक्ता समिति वा अन्य सेवा प्रदायक अन्य संघ समितिलाई खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**४८. अधिकार प्रत्यायोजन** : गाउँपालिकाको प्रमुखले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपप्रमुख वा कुनै सदस्य वा प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछन् ।

**४९. खानेपानी आयोजना र संरचनाको हस्तान्तण** : (१) गाउँपालिकामा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोसम्बन्धी संरचनाहरु खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता समितिलाई हस्तान्तरण गर्न सकिनेछ।

(२) व्यावसायिक तथा व्यापारिक प्रयोजनका लागि संगठित समितिले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोको संरचनाहरु उक्त संगठित समितिले पाएको अनुमतिपत्रको अवधी सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरु पनि खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता समितिलाई हस्तान्तरण गर्न सकिनेछ ।

**५०. नियम बनाउने सक्ने** : यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ

**आज्ञाले**

खगेन्द्र भारती

प्रमुख प्रशासकीय अधिकृत

भागेश्वर गाउँपालिका